# चन्दननाथ नगरपालिका
## आर्थिक ऐन २०७८
## सभाबाट स्वीकृत मिति २०७८/०३ /३१
## चन्दननाथ नगरपालिका, जुम्ला
## ऐन .

## चन्दननाथ नगरपालिकाको आर्थिक ऐन

चन्दननाथ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कायान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः चन्दननाथ नगरपालिकाको आथिक वर्ष २०७८/०७९ का अर्थ सम्बन्धी प्रस्तावलाई कायार्न्वयन गर्नका निमित्त

स्थानिय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनिय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चन्दननाथ न.पा. को नगर सभाले यो ऐन बनाएको छ ।

१. सक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनका नाम **"चन्दननाथ नगरपालिकाको आर्थिक ऐन, २०७८"** रहेकोछ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि चन्दननाथ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** : नगरपालिका क्षेत्र भित्र अनसूचि (१) बमोजिम सम्पत्ति कर, घरजग्गा कर लगाइनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रबाट अनसूचि (२) बमाजिम एकिकृत सम्पत्ति करमा नपरेका भूमि कर (मालपात) लगाईनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थालाइ भवन, घर, पसल, ग्यारज, गोदाम, टहरा, छप्पर,जग्गा वा पोखरी पुरै आशिक तवरले वहालमा दिएकोमा अनुसचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइनेछ ।

५. **व्यवसाय कर**ः नगरपालिका क्षेत्रबाट व्यापार, व्यवसाय वा साँवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइनेछ ।

**६. जडिबुटि, कवाडी र जीवजन्तु कर**ः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड,सिङ, प्वाख, छाला जस्ता वस्तुका व्यसायिक कारोबार गरे वापत अनसूचि (५) वमोजिमको कर लगाइनेछ ।

**७. सवारी साधन करः** नगरपालिका क्षेत्रबाट दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. बिज्ञापन कर**ः नगरपालिका क्षेत्रबाट हुने विज्ञापनमा अनसूचि (७) बमोजिम बिज्ञापन कर लगाइनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनछ ।

**९. मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनसूचि (८) बमोजिम व्यवसाय कर

लगाईनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. वहाल विटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनसूचि (३) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार वहाल विटौरी शुल्क लगाइनेछ ।

**११. पाकिङ्ग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ्ग सुविधा उपलब्ध गराए वापत अनसूचि (६) बमोजिम पाकिङ्ग शुल्क लगाइनेछ ।

१२. ट्रकिङ्ग, कोयाकिट, क्यानाइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्यार्फटिङ्ग शल्कः नगरपालिकाले आफ्नो क्षेत्र भित्र
ट्रकिङ्ग, कोयाकिट, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्यार्फटिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (८) बमोजिमको शुल्क लगाइनेछ ।

१३. सेवा शल्क दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (३) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनछ ।

**१४. पर्यटन शल्कः** नगरपालिकाले आफ्ना क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनसूचि (७) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइनेछ । तर, प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमका कर छुट दिइने छैन ।

**१६. कर तथा शल्क संकलन सम्बन्धी कायविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कायविधि नगरपालिकाले तोक अनुसार हुनेछ ।

१७ अनुसूचिमा रहेका करहरु कार्यन्वयनको लागि नगर कार्यपालिकाले आवश्यक कानुन बनाउन सक्ने छ ।

१८ **अनुसूचि १०** नगर क्षेत्र भित्रको शहरि अर्ध शहरि र ग्रामिण सडकको बिभाजनलाइ मानिने छ ।